# तेलहन एवं जुट बालीहरुको उत्पादित बीउमा अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७१

(नेपाल सरकार सचिवस्तर मिति २०७१/०७/१६ वाट स्वीकृत)

कृषि विकास मन्त्रालय
कार्तिक, २०७१

## तेलहन एवं जुट बालीहरुको उत्पादित बीउमा अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७१

### पृष्ठभूमि

देशमा विभिन्न बालीहरुका जातहरुको गुणस्तरीय बीउको उपलब्धता बढाई उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ध्येय राखी कृषि विभाग मातहतका विभिन्न निकायहरुबाट तत्सम्बन्धी कार्यक्रमहरु संचालन हुँदै आइरहेका छन् । यस्ता कार्यक्रमहरुवाट मूल बीउबाट केही मात्रामा गुणस्तरीय बीउ उत्पादन पनि भइरहेका छन् । तर यी कार्यक्रमहरुवाट मूल बीउमा अनुदान लगायतका अन्य प्राविधिक सहयोग समेत उपलव्ध गराई उत्पादन भएको गुणस्तरीय बीउ अर्को सिजन सम्म सुरक्षित रुपले भण्डारण नभई रहेको स्थिति एकातिर छ भने अर्को तर्फ बीउको रुपमा प्रयोग नभई खायन तथा अन्य प्रयोजनको रुपमा प्रयोग भइरहेको परिस्थिति छ । यस्तो समस्याको समाधान गर्न तेलहन तथा जुट बालीमा आ.व २०७१/७२ देखि उत्पादित बीउ विक्रिको परिमाणमा अनुदान सहयोग सम्बन्धि कार्यक्रम स्वीकृत भएको सन्दर्भमा यो कार्यक्रम व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नका लागि कार्यगत प्रक्रिया सहितको कार्यक्रम संचालन कार्यविधि आवश्यक भएकाले नेपाल सरकार, कृषि विकास मन्त्रालयवाट यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “तेलहन एवं जुट बालीहरुको उत्पादित बीउमा अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७१” रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) “निर्देशनालय” भन्नाले बाली विकास निर्देशनालय भन्ने संझनु पर्दछ ।

(ख) “तेलहनबाली” भन्नाले खान योग्य तेल उत्पादन गर्न सकिने तोरी, सर्स्यूं, तील, वदाम, झुसेतिल, सूर्यमुखी आदि बालीहरुलाई संझनु पर्दछ ।

(ग) “सेवा केन्द्र” भन्नाले कृषि सेवा केन्द्रलाई संझनु पर्दछ ।

(घ) “कार्यक्रम” भन्नाले “तेलहन एवं जुट बालीहरुको उत्पादित बीउमा अनुदान सहयोग कार्यक्रम” भन्ने कार्यक्रम संझनु पर्दछ ।

(ङ) “प्रचलित मूल्य” भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् तथा राष्ट्रिय बीउबिजन कम्पनीले सम्बन्धित आर्थिक बर्षमा सम्बन्धित बालीको सोही स्तरको बीउको लागि तोकिएको मूल्य संझनु पर्दछ । नेपाल कृषि अनुसन्धान परिषद् र राष्ट्रिय बीउबिजन कम्पनी बीचको मूल्यमा अन्तर भएमा नेपाल कृषि अनुसन्धान परिषद्ले तोकेको मूल्य मान्य हुनेछ ।

३. **<u>कार्यक्रमको उद्देश्य</u>** : यो कार्यक्रम देहायका उद्देश्य प्राप्तिका लागि संचालन गरिनेछ -

(क) श्रोत बीउबाट उत्पादन भएको गुणस्तरीय उन्नत बीउ अर्को सिजनमा प्रयोग गर्नका लागि सुरिक्षत रुपले भण्डारण गर्न बीउ उत्पादक कृषक समूह/सहकारीहरुलाई प्रोत्साहित गर्ने ।

(ख) कृषक समूह/सहकारीहरुलाई व्यवसायिक रुपमा बीउ उत्पादन र बजारीकरण गर्न आकर्षित गर्ने ।

**परिच्छेद -२**

**<u>कार्य संचालन प्रक्रिया</u>**

४. **<u>कार्य संचालनका लागि प्रस्तावित क्षेत्र</u>:-** कार्यक्रम संचालनका लागि हाल अनुसूची १ बमोजिमका अभियानमुखी तेलहन बाली उत्पादन आयोजना लागू भएका २२ जिल्लाहरु एवं जुट बीउ उत्पादन कार्यक्रम लागू हुने जिल्लालाई प्राथमिकता दिईने छ । प्राविधिक उपयुक्तता र संभाव्यताका आधारमा अन्य जिल्लाहरुमा समेत यस कार्यक्रम संचालन गर्न सकिने छ ।

५. **<u>कार्यक्रम संचालन गर्ने विधिः</u>** यस कार्यक्रम संचालन विधि देहाय बमोजिम हुनेछः-

**(क)** पहिलो वर्ष (आ.ब. २०७१/७२) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सहयोग र समन्वयमा राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमबाट कार्यक्रम संचालन हुनेछ । दोश्रो वर्षदेखि कार्यक्रम र बजेटको व्यवस्था गरी सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट समेत संचालन गर्न सकिनेछ ।

**(ख)** कार्यक्रम संचालनको पहिलो वर्ष तेलहन वालीहरु र जुट वालीमा मात्र संचालन हुनेछ र दोश्रो वर्षदेखि कार्यक्रम प्रभावकारीताको आधारमा अन्य औद्योगिक बालीहरुमा समेत संचालन गर्न सकिनेछ ।

**(ग)** जिल्ला कृषि विकास कार्यालयहरुले सम्बन्धित बालीको वीजवृद्धि कार्यको अनुभव, प्राविधिक क्षमता, बीउ उत्पादनको लक्ष्य र प्राविधिक उपयुक्तताका आधारमा कृषक समूह/सहकारीहरुको छनौट गर्नेछन् । यसरी छनौट गर्दा सम्बन्धित बालीको बीमा गर्ने कृषक समूह/सहकारीहरुलाई प्राथमिकता दिईनेछ ।

**(घ)** कार्यक्रम संचालनको पहिलो बर्ष जिल्ला कृषि विकास कार्यालयहरुले खण्ड (ग) का आधारमा छनौट भएका बढिमा ३ वटा कृषक समूह/सहकारीहरुको आवश्यक विवरण सहितको नामावली राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रममा सिफारिस सहित पठाउने छन् । जिल्ला कृषि विकास कार्यालयहरुबाट प्राप्त विवरण एवम् उपलब्ध बजेटको आधारमा राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमका रा.प.द्वि.(प्रा.) स्तरका अधिकृतको संयोजकत्वमा लेखा अधिकृत र कार्यक्रम हेर्ने सम्बन्धित अधिकृत/प्राविधिक सदस्य रहेको मूल्यांकन समितिले मूल्यांकन गरी राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमका प्रमुख समक्ष सिफारिससाथ पेश गर्नेछ । राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमका प्रमुखबाट अनुदानग्राही समूह/सहकारीहरुको नामावली स्वीकृत भई अनुसूची २ बमोजिम संझौता हुनेछ । दोश्रो वर्ष देखि कार्यक्रम र बजेटको सीमामा रही सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले नै कृषक समूह/सहकारीहरुको छनौट गरी कार्यक्रम संचालन गर्न सक्नेछन् ।

६. **अनुदान सम्बन्धी व्यवस्था** :

छनौट एवं संझौता समेत भई सो अनुसार कार्यक्रम संचालन गरेका कृषक समूह/सहकारीहरुले बीउ प्रमाणीकरण गर्ने वा यथार्थ संकेत पत्र लगाउने एवं आवश्यकता अनुसार बीउ उपचार गरी सुरक्षित किसिमले प्याकेजिङ्ग गरी भण्डारण गरिएको बीउ बीउ कै रुपमा प्रयोग हुने गरी बीउ व्यवसायीहरु/एग्रोभेट/बीउ व्यवसायी कम्पनीहरुलाई उपलब्ध गराएको/गराउन सक्ने बीउको परिमाणमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम वा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले प्रोत्साहन स्वरुप सम्बन्धित बालीको सोही स्तरको बीउको प्रचलित मूल्यको **२५ प्रतिशत** आर्थिक अनुदान उपलब्ध गराउनेछ । तर अनुदान प्राप्त गर्न तोकिएको परिमाणको गुणस्तरिय बीउ, बीउ कै रुपमा प्रयोग भएको वा हुने कुराको आश्वस्त गराउने आधार अनुदानग्राहीले सम्बन्धित पक्ष समक्ष पेश गर्नुपर्नेछ र त्यस आधारलाई सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले प्रमाणिकरण गरी सिफारिस गरेको हुनुपर्नेछ । अनुदान प्राप्त गर्नका लागि प्रति अनुदानग्राहीले कम्तीमा तेलहन वालीमा १ मे.टन र जुटवालीमा ०.२५ मे.टन मूलबीउ वा प्रमाणित स्तरको बीउ उत्पादन गरेको हुनुपर्नेछ ।

७. **बजेट सम्बन्धी व्यवस्था :** यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था

८. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन** :यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछः-

**(क)** कार्यक्रम संचालन हुने जिल्ला कृषि विकास कार्यालयको कार्यालय प्रमुखले उक्त कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न एकजना बाली विकास कार्यक्रम हेर्ने अधिकृत वा सो नभएमा एकजना प्राविधिकलाई जिम्मेवारी तोक्ने छ ।

**(ख)** कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न र आईपरेका तत्कालिन समस्या समाधान गर्न नियमित अनुगमन मूल्याङ्कनको व्यवस्था मिलाइनेछ । यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित कृषि सेवा केन्द्र, जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम, निर्देशनालय, कृषि विभाग तथा कृषि विकास मन्त्रालयवाट आवश्यकतानुसार हुनेछ ।

## परिच्छेद - ४

## विविध

९. **वाधा अडकाउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा केही वाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा सो को समाधान कृषि विभागले गर्नेछ ।

१०. **कार्यविधिमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा आर्थिक विषय बाहेकका विषयहरुमा आवश्यकतानुसार कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ । आर्थिक विषयमा अर्थ मन्त्रालयको सहमति लिई परिमार्जन गर्न सकिनेछ ।

## अनुसूची -१

### (दफा ४ संग सम्बन्धित)

### अभियानमुखी तेलहन बाली उत्पादन आयोजना लागू भएका जिल्लाहरु

१) सर्लाही
२) मकवानपुर
३) चितवन
४) ललितपुर
५) लमजुङ्ग
६) नवलपरासी
७) मोरङ्ग
८) सिन्धुली
९) गोरखा
१०) पर्वत
११) डोटी
१२) कपिलवस्तु
१३) प्युठान
१४) दाङ्ग
१५) सुर्खेत
१६) बाँके
१७) बर्दिया
१८) कञ्चनपुर
१९) उदयपुर
२०) रुपन्देही
२१) गुल्मी
२२) कैलाली

# अनुसूची २
## (दफा ५ (घ) संग सम्बन्धित)

## संझौता पत्र

यो संझौता पत्र नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग अन्तर्गतको राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम, हरिहरभवनको आ.व ............. को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको **"तेलहन एवं जुट बालीहरुको उत्पादित बीउमा अनुदान सहयोग कार्यक्रम"** कार्यान्वयन गर्ने सिलसिलामा .......................................................(ठेगाना) का ...............................................................कृषक समूह/सहकारी संस्था लि. (यसपछि दोश्रो पक्ष भनिने) र राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम,हरिहरभवन / जिल्ला कृषि विकास कार्यालय................................(यसपछि प्रथम पक्ष भनिने) बीच तपशिलमा उल्लेख भए अनुसार संचालन गर्ने गराउने सहमति सहित यो संझौता पत्रमा हस्ताक्षर गरी दुवै पक्ष बीच लियौं/दियौं। इति सम्वत्........... साल.......... महिना.............. गते रोज ........... शुभम्।

**तपशिल**

(१) कार्यक्रममा सहभागी हुन दोश्रो पक्षले ................बालीको ............जातको ............ स्तरको प्रमाणीकरण गरिएको वा यथार्थ संकेत पत्र लगाइएको (कम्तीमा तेलहन बालीमा १ मे.टन, जुट बालीमा ०.२५ मे.टन) बीउ उत्पादन गरी आवश्यकता अनुसार बीउ उपचार गरी सुरक्षित किसिमले लेबलिङ एवं प्याकेजिङ्ग गरी भण्डारण गरिएको/बिक्रि गरिएको हुनु पर्नेछ।

(२) दोश्रो पक्ष आफैले आवश्यक मूल बीउको व्यवस्था, खेतवाली निरीक्षण, प्रयोगशाला परिक्षण, प्रमाणीकरण वा यथार्थ संकेत पत्र लगाउने साथै गुणस्तर नियन्त्रण सम्बन्धी आवश्यक कार्य गर्ने, बाली लगाउने देखि सुरक्षित रुपमा अर्को सिजन सम्म भण्डारण गरी बीउ खरिदकर्ताहरुलाई उपलव्ध गराउने समय सम्मका सम्पूर्ण कृषि कर्महरु एवं अन्य कार्यहरु तथा आवश्यक श्रोतहरुको व्यवस्थापन गर्नुपर्नेछ। तर आवश्यक प्राविधिक सहयोग एवं सम्बन्धित पक्षहरु वीच समन्वय र सहयोग गर्ने गराउने कार्यमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय र राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमले गर्नेछ।

(३) दोश्रो पक्षले यस सम्झौता अनुसार काम एवं जिम्मेवारी सम्पन्न गरिसकेपछि .............बालीको ............जातको ................. स्तरको प्रमाणीकरण गरिएको वा यथार्थ संकेत पत्र लगाइएको एवं आवश्यकता अनुसार बीउ उपचार .............. गरी सुरक्षित किसिमले लेबलिङ एव प्याकेजिङ्ग गरी भण्डारण गरिएको / बिक्रि गरिएको..................मे.टन परिमाणको गुणस्तरिय बीउमा कार्यविधिको दफा ५ (ङ) बमोजिमको प्रकृया पुरा गरी प्रति किलोग्राम रु.....................। ( अक्षेरपी.................................................. ) का दरले कुल अनुदान रु..........................। ( अक्षेरपी.................................................. ) प्रथम पक्षले दोश्रो पक्षको बैक खातामा जम्मा हुनेगरी (A/C Payee) अनुदान रकम उपलव्ध गराउनेछ।

(४) यस संझौता पत्रमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नियम कानून अनुसार हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रम/जिल्ला कृषि विकास कार्यालयको तर्फवाट | कृषक समूह/सहकारी संस्थाको आधिकारीक प्रतिनिधिको तर्फवाट |
| नाम ,थर :- | नाम,थर :- |
| पद :– | पद :- |
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :– | समूह/सहकारी संस्थाको छाप :– |